# वैदेशिक रोजगारीमा महिलालाई कष्ट

■ सौर्य समाचार



बनियानी । 'रोजगारीको सिलसिलामा म करिब अढाइ वर्ष कुवेत बसेँ, मैले त्यहाँ त्यस्तो समस्या भोग्नु परेन, तर धेरै जना दिदीबहिनीले धेरै कष्ट भोगिरहेको देखेँ/पाएँ,' यो अनुभव हो, वैदेशिक रोजगारीको सिलसिलामा कुवेत पुगेर फर्किएकी कुमारी चेम्जोङको।

राष्ट्रिय महिला आयोगले सोमबार भद्रपुरमा आयोजना गरेको वैदेशिक रोजगारीमा संलग्न महिलाको सुरक्षित, मर्यादित र सेवाको सुनिश्चितताका विषयमा सरोकारावालासँग सार्वजनिक सुनुवाइमा उहाँले आफ्नो कुवेत बसाइँको अनुभव सुनाइन् । उनले घरेलु कामदारका रुपमा अवैध बाटोबाट कुवेत पुग्ने महिलाले धेरै मानसिक र शारीरिक पीडा सहन बाध्य रहेको बताइन् ।

'सीप नभए पनि घरेलु कामदारका रूपमा विदेश गएर महिलाले घरपरिवार चलाएका छन्,' उनले भनिन्, 'घरेलु कामदारलाई वैधता दिएर सुरक्षित बनाउन सरकारसँग आग्रह गर्छु ।'

वैदेशिक रोजगारीकै सिलसिलामा साइप्रस पुगेर गत वैशाखमा फर्किएकी भद्रपुर-६ की सपना रायले आफू म्यानपावर कम्पनीबाट ठगिए पनि न्याय नपाएको बताइन् । 'श्रम मन्त्रालय जाँदा आश्वासनमात्र पाएँ, पटक-पटक आउनु भन्छन्, पटक-पटक जाने अवस्था छैन,' उनले भनिन्, 'पैसा माग्दा म्यानपावरको मान्छेले गाली गर्छ ।'

किताबमा मात्र नियम-कानुन भएको तर व्यवहारमा नभएको भन्दै उनले पीडितले न्याय पाउन साह्रै कठिन भएको अनुभव सुनाइन् । 'नियमनकारी निकायमा जाँदा कर्मचारीले मलाई सोधेर गएको थिइस् भन्छन्,' उनले भनिन्, 'कोही पनि रहरले विदेश जाँदैन, सबैको आ-आफ्नो बाध्यता र विवशता हुन्छ ।'

कार्यक्रममा झापाका प्रमुख जिल्ला अधिकारी छविलाल रिजालले ठूलो आँट र साहस बोकेर विदेश जानुपर्ने बाध्यता रहेको बताए । राज्य सबै नागरिकको अभिभावक भएको र राज्यको अंगमा बस्नेहरूले सोहीअनुरुप व्यवहार गर्नुपर्ने उनको भनाइ छ ।

प्रदेश तहबाटै वैदेशिक रोजगारीका सबै काम हुनसके वैदेशिक रोजगारीको ठगीलगायतका विविध समस्या कम गर्न सक्ने उनको सुझाव छ । वैदेशिक रोजगारीमा जानेहरूले म्यानपावरलाई पैसा बुझाउँदा कम्तीमा दशपटक सोच्नुपर्ने भन्दै उनले भने, 'व्यक्ति नै आफ्नो पहिलो मुक्तिदाता हो ।'

कार्यक्रममा श्रम तथा रोजगार कार्यालय विराटनगरका शाखा अधिकृत पुण्यप्रसाद पौडेलले वैदेशिक रोजगारीसम्बन्धी प्रदेश नं १ को अवस्थाको कार्यपत्र प्रस्तुत गरेका थिए । कार्यपत्रमा प्रदेश नं १ बाट वैदेशिक रोजगारीमा महिलाको अवस्था समस्याग्रस्त रहेको उल्लेख छ ।

कार्यपत्रमा ९९ प्रतिशत अदक्ष कामदार विदेशमा जाने गरेको उल्लेख छ । कुवेत, बहराइन, साइप्रस, ओमनमा बढी घरेलु महिला कामदार जाने गरेको पौडेलले बताए । 'सम्झौताविपरीतको काम गर्नुपर्ने, दलालबाट बेचिने, यौन हिंसाको सिकार हुनुपरेको छ,' उनले भने, 'ठगीसम्बन्धी समस्या सम्बोधन गर्न सकिएको छैन ।' वैदेशिक रोजगारीको सिलसिलामा मृत्यु भएकाहरूले पाउने राहत रकम पाउन धेरै समस्या रहेको उनले बताए । खुला सीमानाका भएकाले झापाबाट भारतीय बाटो हुँदै धेरै महिला वैदेशिक रोजगारीमा जाने र महिला बेचबिखन क्रम नरोकिएको कार्यपत्रमा उल्लेख छ । कार्यक्रममा झापा बारकी कार्यसमिति सदस्य अधिवक्ता तारा बाराकोटीले वैदेशिक रोजगारीबाट पीडितहरूले कसरी न्याय पाइन्छ भन्ने जानकारी नै नभएको सुनाइन् । 'विदेशमै कामकै सिलसिलामै मृत्यु भएकाहरू परिवारले हदम्यादबारे जानकारी नहुँदा क्षतिपूर्ति पाउन नसकेका छैनन्,' उनले भनिन्, 'शव ल्याउन धेरै कठिन छ, क्षतिपूर्तिवापत प्राप्त रकममा पनि कमिसन माग्ने गरेको पाइएको छ ।'

कार्यक्रममा माइती नेपालकी प्रतिनिधि पार्वता राजवंशीले पैसा कमाउन विदेश गएकी एक महिला गर्भवती भएर फर्किएको सुनाइन् । 'अहिले नानीको जन्मदर्ता बनाउन के गर्नुपर्छ,' उनले प्रश्न गरिन्, 'सुरुदेखि नै मसँग नियमित सम्पर्कमा आइरहनुभएकाले सोधिरहनुहुन्छ, यस्तो समस्याको के व्यवस्था छ ?' अशिक्षितमात्र नभई शिक्षित महिला पनि जान्दा-जान्दै बुझ्दा-बुझ्दै ठगिने गरेको उनले बताइन् ।

ऐन, कानुन र नियम हुँदाहुँदै पनि कार्यान्वयन पक्ष कमजोर हुँदा वैदेशिक रोजगारसम्बन्धी समस्या ज्यूँकात्यूँ रहेको कार्यक्रममा सहभागी अधिकांशको ठहर छ । भद्रपुर नगरपालिका टीकाराम पाण्डे, पत्रकार राजबाबु शंकर, ज्ञानेन्द्र निरौलालगायतका सहभागीले कानुन कार्यान्वयन हुनुपर्नेमा जोड दिएका थिए ।

कार्यक्रममा झापाका १० वटा म्यानपावर व्यवसायीका शाखालाई सहभागिताका लागि पत्र पठाए पनि एक जनाको पनि सहभागिता थिएन भने यहाँका राजनीतिक दलका प्रतिनिधि र जनप्रतिनिधिको पनि उपस्थिति थिएन ।

कार्यक्रमको अध्यक्षता गरेकी राष्ट्रिय महिला आयोगका सदस्य कृष्णकुमारी पौडेलले वैदेशिक रोजगारमा महिलाको सहभागितालाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाउने उद्देश्यले समस्या र सुझाव संकलन गर्न कार्यक्रम आयोजना गरिए पनि सरोकारवालाको उपस्थिति नहुनु दुःखद् भएको बताइन् ।

'बूढाबूढीलाई भत्ता दिने र युवालाई विदेश पठाउने नीतिमा राजनीतिक दल तल्लीन छन्,' उनले भनिन्, 'म्यानपावर व्यवसायी सहभागी नहुनुले उनीहरूको नियत प्रष्ट हुन्छ ।' आयोग सदस्य पौडेलले जिल्लामा रहेको म्यानपावरको अनुगमन गरेर व्याप्त विकृत हटाउन प्रमुख जिल्ला अधिकारीलाई आग्रह गरिन् ।


## लक्ष्मी बैंक लिमिटेडका ऋणी, धितो जमानीकर्ता, व्यक्तिगत जमानतकर्ता तथा ऋणीसँग सम्बद्ध सबैलाई ऋण कर्जा चुक्ता गर्ने गराउने बारेको ३५ दिने अत्यन्त जरुरी सूचना ।

(प्रकाशित मिति २०७९/०८/२८)

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले उपभोग गर्नु भएको ऋण कर्जाको यस बैंकसँग गरेको सम्झौता बमोजिम समय-समयमा तिर्नु बुझाउनु पर्ने साँवा, व्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि चुक्ता भुक्तानी गर्न पटक-पटक लिखित तथा मौखिक तारताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग गरेको ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले ऋण कर्जा चुक्ता भुक्तानी गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस बैंकमा सम्पर्क राखी कर्जा चुक्ता भुक्तानी हुने मिति सम्मको बैंकको सम्पूर्ण रकम चुक्ता फर्छ्यौट गरी गराई लेखिदिएको धितो फुकुवा गरी लैजानको लागि सम्वन्धित ऋणी, व्यक्तिगत तथाधितो जमानतकर्तालाई यसै सूचनाद्वारा जानकारी गराइन्छ । साथै धितो जमानतकर्ता, व्यक्तिगत जमानतकर्ता, ऋणी फर्म/कम्पनीका शेयरधनी, संचालक, प्रोप्राइटर, साझेदार तथा ऋणी फर्म/कम्पनीसँग सम्बद्ध फर्म/कम्पनी समेतलाई यसै सूचना बमोजिम ऋणीलाई कर्जा चुक्ता गर्न लगाउनुहुन वा आ-आफ्नो दायित्व बमोजिम कर्जा चुक्ता गर्नुहुन समेत यसै सूचना मार्फत जानकारी गराइन्छ । उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा ऋणी, धितो जमानीकर्ता, व्यक्तिगत जमानतकर्ता, ऋणी फर्म/कम्पनीका शेयरधनी, संचालक, प्रोप्राइटर, साझेदार तथा ऋणी फर्म/कम्पनीसँग सम्बद्ध फर्म/कम्पनी समेतलाई नेपाल राष्ट्र बैंकको निर्देशन/निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई बिना अन्य सूचना कालोसूचीमा नाम समावेश गराउने व्यहोरा जानकारी गराउँदै कर्जाको सुरक्षण वापत धितो रहेको तपसिल बमोजिमको सम्पत्ति तथा तहाँको अन्य कुनै वा सबै चल-अचल सम्पत्ति लगायत जमानतकर्ता समेतको चल अचल सम्पत्तिबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा/वा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री वा अन्य प्रक्रिया अवलम्बन गरी कर्जा असुल उपर गरी लिने र/वा/तथा कानून बमोजिम कर्जा असुलीको लागि अड्डा अदालतमा मुद्दा दायर गरिने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ ।

तपसिल

| ऋणी,व्यक्तिगत तथा धितो जमानतकर्ताको विवरण | फोटो |
|---|---|
| १) **ऋणीको नाम** : नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, नेपालगंज,बाँकेमा प्रा.फ.र.नं. १६०/४६५६/०७०/०७१ मिति २०७०/०९/२३ मा दर्ता भई बाँके जिल्ला, नेपालगंज उ.म.न.पा वडा नं. १२ ठेगाना रहेको आन्तिरिक राजस्व कार्यालय, नेपालगंजमा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६०१६९३६४५, मिति २०७०/०९/२८ मा दर्ता भएको न्यु लुक व्युटिपार्लर प्रशिक्षण केन्द्र ।<br><br>**प्रोप्राईटर : शारदा पुन** (ना.प्र.नं. ६६१०१९/१९१८ जिल्ला प्रशासन कार्यालय बाँके, जारी मिति २०६६/०७/१२)<br>**बाबु** : धन बहादुर सानु **पति** : देवि राम पुन **ससुरा** : दिल बहादुर पुन<br>**ठेगाना** : बाँके जिल्ला, नेपालगंज न.पा/गा.पा. वडा नं. ०७ भई हाल बाँके जिल्ला, नेपालगंज उ.म.न.पा. वडा नं. ०२ ।<br><br>**व्यक्तिगत जमानतकर्ता : देवि राम पुन** (ना.प्र.नं. ११८६ जिल्ला प्रशासन कार्यालय बाँके, जारी मिति २०४५/०२/१७)<br>**बाबु** : दिल बहादुर पुन **बाजे** : भक्त बहादुर पुन<br>**ठेगाना** : स्याङजा जिल्ला, करेनडाँडा न.पा/गा.पा. वडा नं. ०२ भई हाल बाँके जिल्ला, नेपालगंज उ.म.न.पा. वडा नं. ०२ ।<br><br>**धितो सुरक्षणको विवरण** :<br>१. ऋणीले बैंकलाई लेखिदिएको स्टक, मौज्दात, तथा बजारबाट उठाउन बाँकी उधारो तथा चल अचल सम्पत्तीको लागि गरिदिएको हाईपोथिकेशन । | <br>**शारदा पुन** |

लक्ष्मी बैंक लिमिटेड
Laxmi Bank Limited

लक्ष्मी कम्प्लेक्स, हात्तीसार, काठमाडौं
फोन: ४४४४६८४/८५, पो.ब.नं.: १९५९३
Email: info@laxmibank.com, URL: www.laxmibank.com



## गौरीशंकर गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## सुरी, दोलखा
## बागमती प्रदेश, नेपाल

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(प्रथम पटक प्रकाशित मिति : २०७९/०८/२८)

यस कार्यालयबाट मिति २०७९।०७।०४ गते प्रकाशित विद्युतीय बोलपत्र आह्वानको सूचना अनुसार पेश हुन आएका बोलपत्रहरुको मूल्यांकन गर्दा तपसिल बमोजिमका बोलपत्रहरु सारभूत रुपमा प्रभावग्राही भई मूल्यांकन समितिबाट स्वीकृतिको लागि सिफारिस भई आए बमोजिम सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) र सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| क्र.सं. | ठेक्का नम्बर | कामको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक ( VAT र PS सहित) |
|---|---|---|---|---|
| १ | GRM/NCB/WORK S/DOLAKHA/04/2 079-80 | JHYANKU KHANEPANI 3 & 4 | Sunstar Multipurpose and Construction company, Bhimeshwor 6, Dolakha | 1,07,80,512.24 |
| २ | GRM/NCB/WORK S/DOLAKHA/06/2 079-80 | SURI CHANKHU MARBU RING ROAD | Blubard Nirman Sewa, Sindhuli | 55,18,138.93 |

प्रमुख प्रशासकीय अधिकृत



## ठोरी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## घ्याँङ्गडाडा, पर्सा
## मधेश प्रदेश नेपाल

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(सूचना प्रकाशित मितिः-२०७९/०८/२८)

यस कार्यालयबाट मिति २०७९/०७/२२ मा सौर्य दैनिक पत्रिकामा प्रकाशित निर्मलबस्ती स्वास्थ्य चौकी निर्माण (Construction of Nirmalbasti Health Post) कन्ट्रयाक्ट आईडेन्टिफिकेशन नं. (TRM/NCB/NBHP/W/02/2079/080) कार्यको बोलपत्र मिति २०७९।०८।२३ गते खोलिएको बोलपत्रमा उक्त कार्यको लागि पेश हुन आएका आवेदन उपर पुनःमूल्याङ्कन सम्बन्धमा मिति २०७९/०८/२६ गते यस कार्यालयको निर्णय बमोजिम देहाय अनुसारको बोलपत्रदाताको बोलपत्र "न्यूनतम मूल्याङ्कित सारभूतरुपमा प्रभावग्राही" ठहर भई स्वीकृतिका लागि छनौट भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) र (३) तथा सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि. नं | ठेक्का नं | योजनाको नाम | लागत अनुमानित रकम (भ्याट समेत) रू | सबैभन्दा न्युनतम कबुल गर्ने बोलपत्रदाताको नाम र ठेगाना | कुल कबुल रकम (भ्याट समेत) रु | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | TRM/NCB/ NBHP/W/02/2079/080) | निर्मलबस्ती स्वास्थ्य चौकी निर्माण (Construction of Nirmalbasti Health Post) | ६४९९७३६.०० | प्रकाश निर्माण सेवा ठोरी-४, पर्सा | ४७४१३५४.५० | -२७.०५% |

प्रमुख प्रशासकीय अधिकृत



## Rapti Municipality
## Office of Municipal Executive
## Bhandara, Chitwan
## Bagmati Province, Nepal

## Invitation for Sealed Quotation Bids

**Date of Publication: 13th December 2022**

Rapti Municipality, Office of Municipal Executive, Bhandara, Chitwan invites **online bids only** under E-procurement system from eligible bidders for the Following Works given below under National Competitive Bidding procedures. All other information and Bid Document can be downloaded from PPMO's Website www.bolpatra.gov.np/egp. All eligible bidders are requested to submit E-Bid only as per instructions within the mentioned period.

| S. N. | Contract ID | Works Descriptions | Estimated amount (without VAT and Without PS) | Bid Security Amount | Last Date of Bid Submission |
|---|---|---|---|---|---|
| 1 | 004/Works/SQ/ RM/079/080 | Construction of Blacktopped Road at Rapti Municipality ward-6, Dilli Parsa and drainage works. | NRs. 11,98,278.51 | NRS. 35,000.00 | 28th December 2022,12:00 Hrs |

Bid validity period should be 45 days and Bid security validity period 30 days after bid Opening.
For Purchasing of bid Document, the office Bank Details are Given Below
NRs.: 1000, Bank: NIC Asia Bank Ltd., Account No: 0982050029409002
Account Name: Rapti Municipality, Office of Municipal Executive, Bhandara, Chitwan